डा. स्टेफेन इ. जोन्स

# परमेश्वरको अद्‌भूत योजना

## भाग १ सृष्टिकर्ताको रूपमा परमेश्वरको अधिकारहरू

रोमी ११:३६ मा प्रेरित पावलले लेख्छन्:

"किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन उहाँलाई नै सदासर्वदा महिमा होस् आमेन।"

जब पावलले "सबै थोक" को बारेमा बोल्छन्, उनले सृष्टिलाई भन्न खोजेका हुन् । पावलले भन्दछन् कि सृष्टि "उहाँबाट" भयो, उहाँद्वारा भयो । अर्को शब्दमा भन्नु पर्दा सबै सृष्टि परमेश्वरको भागबाटै भए । कतिपयहरुले भूलबस बिगतमा सिकाए जस्तै यो शून्यताबाट सृष्टि गरिएको थिएन ।

परमेश्वरको सृष्टिसँग घनिष्ठ सम्बन्ध छ । यो अक्षरंश परमेश्वरको भाग हो । जब आदम र हब्बाद्वारा यस संसारमा पाप र मृत्यु आयो, यो चाहिँ परमेश्वरको शरीरमा भएको एक रोग जस्तै थियो, जुन कुनै पनि हालतमा निको पार्नु आवश्यक थियो । पावलले भने जस्तै जबसम्म सबै कुरा "उहाँमा" फर्केर आउँदैनन्, इतिहास "उहाँद्वारा" हुने एक निरन्तर प्रक्रिया हो । अन्त्यको दिनमा, कुनै पनि कुरा निको हुने छैन्, परमेश्वरले पनि रोगको कष्टको अनुभव सधैंको लागि गर्नुहुने छ । अन्त्यको दिनमा, यदि कुनै कुरा उहाँदेखि बाहिर हुन्छन् भने, उहाँ सधैंको लागि अपूरो हुनुहुनेछ ।

परमेश्वरले यस्तो परिस्थिति आउन दिनुहुनेछैन, किनकि उहाँ परमेश्वर हुनुहुन्छ । उहाँसँग सबै कुराको उपचार छ । उहाँसँग सृष्टिको सफलताको निम्ति बुद्धिमानी योजना थियो । यो योजना सफलता पार्नको लागि पूरा गर्न उहाँसँग शक्ति छ । उहाँ कहिले पनि पूरा नगर्ने परमेश्वर हुनुहुनेछैन । सबै कुरा पछि पनि उहाँ परमेश्वर हुनुहुन्छ ।

## सृष्टिकर्ताको अधिकार

उत्पत्ति १:१ ले भन्दछ, "आदिमा परमेश्वरले आकाशमण्डल र पृथ्वी सृष्टि गर्नुभयो ।"

यसले ब्रह्माण्डको सृष्टि कसरी भयो भन्ने कुरा मात्र भन्दैन, यसले यसको मालिकको बारेमा पनि बताउँछ । उत्पत्तिको कथाले परमेश्वरले सृष्टिलाई पूरा गर्न छ दिन परिश्रम

गर्नुभएको कुरा पनि बताउँछ । यी दिन कति लामा थिए भन्ने कुरा महत्वपूर्ण छैन् । महत्वपूर्ण कुरा भनेको सृष्टिले परमेश्वरको कार्यलाई प्रतिनिधित्व गर्दछ ।

परमेश्वरको व्यवस्थाले अधिकारको सुरक्षा गर्दछ । यसले अधिकारहरू र मौकाहरू दुवै कुरालाई बताउँदछ । सम्पत्तिको अधिकार आफ्नै परिश्रममा आधारित हुन्छ । किनभने परमेश्वरले स्वर्गहरू र पृथ्वीको सृष्टि गर्नुभयो, यी सबैको मालिक उहाँ नै हुनुहुन्छ र उहाँले यसमा आफ्नो तह, निरन्तरको इच्छा, उहाँको प्रकृति अनुसार शासन गर्ने अधिकार छ ।

जब हामीले परिश्रम गर्छौं, उदाहरणको लागि फर्निचर बनाउने, तब हामीले अधिकारको रुपमा नभएर अवसरको रुपमा काठको प्रयोग गर्दछौ । हामीले हाम्रो कामको स्वामित्व लिन्छौं, हामीबाट यो कुरा कसैले खोसेर लैजान सक्दैनन् । जब हामीले फर्निचरमा हाम्रो स्वामित्व छ भन्छौ, खासमा हामीमा काठ (रुख) उपर कुनै स्वामित्व हुँदैन । किनभने परमेश्वरले आफ्नो परिश्रमले रुखको सृष्टि गर्नुभयो । हामी फर्निचरको मालिक हौ तर रुखको होईनौं किनभने व्यवस्था (नियम) ले परमेश्वर र मानिस दुवैको परिश्रमको अधिकारलाई सम्मान गर्दछ ।

## अख्तियार के हो ?

परमेश्वर सार्वभौमिक हुनुहुन्छ, मानिससँग अख्तियार छ । परमेश्वरको सार्वभौमिकता उहाँ सृष्टिकर्ता हुनुहुन्छ भन्ने तथ्यमा आधारित छ । परमेश्वरले मानिसको लागि उत्पत्ति १:२८ मा अख्तियार दिनुभयो, जहाँ उहाँले आदमलाई पृथ्वीलाई वशमा पार्न र सम्पूर्ण जीवजन्तुमाथि राज्य गर्न भन्नुभयो । अख्तियारले जहिले पनि माथिल्लो शक्तिबाट कार्य गर्दछ, जसले अख्तियारलाई पहिलो स्थानमा राख्दछ ।

सार्वभौमिकताले स्वामित्व ल्याउँछ; अख्तियारले भण्डारेपन गर्दछ । परमेश्वर सार्वभौम हुनुहुन्छ; मानिस भण्डारे हो, उसले परमेश्वरले भन्नुभए बमोजिम उहाँको नियम अनुसार अख्तियारको प्रयोग गर्नै पर्दछ । मानिसलाई परमेश्वरको सृष्टिलाई, उहाँको प्रकृतिलाई र उहाँको नियमलाई बिगार्ने गरी शासन गर्ने (वा प्रयोग) अधिकार छैन् ।

हामीले स्पष्टरूपमा यो सिद्धान्तलाई जब परमेश्वरले इस्राएलीहरूलाई कनान देशमा प्रत्येक जाति र परिवारलाई अधिकार दिनुभयो तब देख्दछौं कि इस्राएलीहरू परमेश्वरमा भण्डारे

जस्तै थिए, उनीहरुले परमेश्वरको प्रकृतिलाई सखापै पार्ने गरी परमेश्वरको सम्पत्तिलाई नोक्सान गर्ने अधिकार थिएन ।

परमेश्वरको एउटा व्यवस्थाले भन्दथियो कि इस्राएलीहरूले प्रत्येक सातौ बर्षमा जमिनलाई विश्राम दिनुपर्दथ्यो र तिनीहरुले प्रत्येक पचासौं बर्षमा सबै ऋणबाट छुटकारा दिने उत्सव मनाउनु पर्दथ्यो (लेवी २५:११)। त्यसकारण यदि कोही गरीब भयो र आफ्नो जमिन बेच्नलाई आवश्यक परेमा उसले त्यो कुरा गर्न सक्दथ्यो तर उसले तर सो बेचिएको जमिन पचासौं बर्षमा फिर्ता गर्नुपर्दथ्यो । उसले सधैंभरीको लागि बेच्न पाउदैनथ्यो, किनभने जमिन उसको थिएन । परमेश्वरले लेवी २५:२३ मा भन्नुभयो,

"जमिन सधैंको निम्ति नबेच्नू । किनभने जमिन चाहिँ मेरो हो । तिमीहरू त परदेशी र प्रवासी भई मसित बसेका छौ ।"

इस्राएलीहरूले उत्सवको पचासौं बर्ष सम्मका लागि मात्र आफ्नो जमिन बेच्न पाउदथे । बिकी चाहिँ धरौटी जस्तो थियो र किन्ने मानिसले अस्थायीरुपमा उपभोग गर्न पाउने आधिकार हुन्थ्यो ।

यसले के देखाउँछ भने परमेश्वरसँग असीमित सार्वभौमिक अधिकार छ तर मानिससँग सीमित अधिकार छ।

## अख्तियारको दुरुपयोग

**धेरै शताब्दी देखि** इस्राएलीहरूले आफ्नो स्वामित्वमा रहेको जस्तै जमिनलाई प्रयोग गरे र आफूलाई इच्छा लागे अनुसार यसलाई प्रयोग गरे । परमेश्वरले तिनीहरुलाई अगमवक्ताको सन्देशद्वारा धेरै पटक चेतावनीहरू दिनुभयो तर पनि अगमवक्ताहरू धेरै मानिसहरूद्वारा इन्कार गरिए । अन्तमा परमेश्वरले तिनीहरूलाई निर्वासनमा पठाएर उत्तराधिकार खोस्नुभयो । परमेश्वरले यर्मिया २६: ५ र ६, मा यसो भनेर आफ्नो कार्यको न्याय गर्नुभयो,

*"यो पृथ्वी, यस पृथ्वीमा बस्ने मानिसहरू र पशुहरूलाई मैले नै आफ्नो महाशक्ति र बाहुबलले बनाएको छु, र जसलाई इच्छा गर्छु त्यसलाई म त्यो दिन्छु। टअब तिमीहरूका सारा देशहरू मेरो दास, बेबिलोनको राजा नबूकदनेसरको हातमा दिनेछु। वनका जन्तुहरूलाई पनि त्यसको अधीनमा बस्ने म तुल्याउनेछु ।"*

जब इश्राएलीहरूले परमेश्वरले आफूले बनाउनुभएको सबै कुराको मालिक उहाँ नै हो भनी जान्नलाई इन्कार गरे तब अन्तमा उहाँले राष्ट्रको न्याय गर्नुभयो र जमिनलाई बेबिलोनको राजाको अधिनमा दिनुभयो । परमेश्वरले पृथ्वीमा मानिसको अधिकार सीमित छ भनी देखाउनलाई आफ्नो सार्वभौम अधिकारको प्रयोग गर्नुभयो ।

## अख्तियार र स्वतन्त्र इच्छा

स्वतन्त्र इच्छा चाहिँ एउटा दार्शनिक अवधारणा हो; अख्तियार चाहिँ व्यवस्था (कानुन) मा आधारित हुन्छ र अधिकार र अवसरहरूसँग कार्य गर्दछ । बाइबलले मानिसलाई स्वतन्त्र इच्छा दिँदैन; यसले मानिसहरूलाई अख्तियार मात्र दिन्छ । परमेश्वरसँग मात्र स्वतन्त्र इच्छा छ ।

जब मानिसहरूले छनौट गर्दछन्, तिनीहरूले अख्तियारको अभ्यास गर्छन तर स्वतन्त्र इच्छाको होईन । अख्तियार भनेको परमेश्वरको अधिनमा हुने एक अवसर हो । स्वतन्त्र इच्छाले कसैलाई खुशी पार्ने अधिकारको आँकलन गर्दछ वा कसैको आफ्नै इच्छा स्वतन्त्रपूर्वक पूरा गर्ने कार्य गर्दछ । जब मानिसले स्वतन्त्र इच्छाको दाबी गर्दछन्, तब तिनीहरूले सार्वभौमिकताको आँकलन गर्दछन्, जसले सार्वभौमिक परमेश्वरको अधिकारहरूको उल्लंघन गर्दछन् ।

मानिसहरूलाई अख्तियार दिइएको थियो तर तिनीहरूले आफ्नो अख्तियारको सीमिततालाई बुझेको जस्तो देखिएन । आफ्नो स्वतन्त्र इच्छाको दोधारको कारणले चाँडै पाप गर्ने र अनाज्ञाकारी हुने अधिकारको माग गरे । परमेश्वरले हामीलाई त्यो आज्ञा दिनुहुन्न ।

मानिसको अख्तियारको गलत प्रयोग गर्ने क्षमताले उसँग स्वतन्त्र इच्छा छ भन्ने कुरालाई प्रमाणित गर्दैन । यसले के कुरा देखाउँछ भने परमेश्वरले मानिसलाई कारणको लागि मात्र विद्रोह गर्न अनुमति दिनुहुन्छ । तर अन्तमा, मानिसको अख्तियार सकिन्छ किनभने यो व्यवस्थाद्वारा सीमित हुन्छ । केही खास कुरामा परमेश्वरले सृष्टिकर्ताकोरुपमा आफ्नो अख्तियारको प्रयोग गर्नुहुन्छ, मानिससँग कुनै छनौट हुँदैन तर उहाँको इच्छाको पालना गर्नुपर्ने ।

## स्वामित्वको जिम्मेवारी

परमेश्वरको स्वामित्व भन्नाले, उहाँले सृष्टि गर्नुभएको सबै कुराको उहाँ खास जिम्मेवार हुनुहुन्छ । परमेश्वरको नियमले यसलाई स्पष्ट गरी देखाउँदछ कि उहाँ स्वामित्व जहिले पनि

जिम्मेवारीको साथमा आउँदछ। उदाहरणको लागि यदि एउटा गोरुले कसैलाई हान्दछ भने त्यसलाई दण्डित गर्न सकिन्छ, तर गोरुलाई दण्ड दिनाले मालिकको दायित्वबाट भौतिक राहत दिन सकिदैन। प्रस्थान २१:३२ ले भन्छ,

*"यदि गोरुले कुनै कमारो अथवा कमारीलाई हानेर मारेको छ भने, गोरुको धनीले त्यसको मालिकलाई चाँदीका तीस सिक्का देओस् र त्यस गोरुलाई चाहिँ ढुङ्गाले हानेर मार्नू। "*

यसै गरी, यदि कुनै मानिसले कूवा खन्छ भने उ त्यसको मालिक हुन्छ किनभने उसले त्यसमा परिश्रम गरेको हुन्छ। यदि उसले त्यो कूवा उदाङ्गै राख्यो र कसैको गोरु कि गधा सो कूवामा खस्यो भने कूवाको मालिकले त्यसको क्षतिपूर्ति गर्नुपर्ने दायित्य हुन्छ। प्रस्थान २१:३३ र ३४ ले भन्छ,

*" यदि कुनै मानिसले कूवा उदाङ्गै राख्यो वा कूवा खनेर त्यो छोपेन र त्यसमा गोरु कि गधा खस्यो भने, त्यो कूवाको मालिकले त्यसको क्षतिपूर्ति गरोस् त्यसले गोरु कि गधाको मालिकलाई रुपियाँ दिओस् र त्यो मरेको पशुचाहिँ त्यसकै होस्"*

जसले परमेश्वरले देखाउनु भएको अनुसार नगरी आफ्नो अख्तियारको दुरुपयोग गर्दछ भने परमेश्वरले त्यो आफ्नो न्याय गर्ने अख्तियार उनीहरूबाट फिर्ता लिनुहुन्छ। व्यवस्थाले भन्दछ कि यदि गोरुले कसैलाई मार्छ भने त्यस गोरुलाई चाहिँ ढुङ्गाले हानेर मार्नू। तर पनि गोरुको धनीले क्षतिपूर्ति तिर्नै पर्दछ। किनभने गोरुको मालिकले उसको गोरुले गरेको कार्यको लागि क्षतिपूर्ति तिर्नै पर्ने दायित्व हुन्छ।

यो कुरा पनि सत्य हो कि कसैले आगो सल्काउदा अनियन्त्रित भई आगो फैलिन्छ। आगो सल्काउने कुनै पनि व्यक्तिले यसबाट भएको कुनै व्यक्तिको क्षतिको दायित्व बहन गर्नु पर्दछ। आगो सल्काउने जोसुकै भए पनि त्यो त्यसको मालिक हो। प्रस्थान २२: ६ मा परमेश्वरले भन्नुहुन्छ,

*" यदि झाड़ीमा आगलागी भएर अन्नको बिटा अथवा मकैका बोटहरू कि पूरा खेत नै भस्म गर्‍यो भने, <u>त्यो आगो लगाउनेले क्षतिपूर्ति गरिदिनैपर्छ</u>।"*

बाइबलमा यस्ताका धेरै उदाहरणहरू छन्, ती सबै यही आधारभूत सिद्धान्त वा नियममा आधारित छन्। सृष्टिकर्ता आफूले परिश्रम गरेर बनाएको थोकको स्वामित्व लिन्छ। उसले त्यसको स्वामित्वको अधिकार राख्दछ। यसको अर्थ कुनै पनि मालिकले अरुको सम्पत्तिको हानी-नोक्सानी गरेको कारण क्षतिपूर्ति दिनुपर्दछ।

त्यसकारण यसले के कुरालाई देखाउँदछ त ?

परमेश्वरले मानिसलाई बनाउनुभयो । परमेश्वरले सबै मानिसहरूको स्वामित्व लिनुहुन्छ । त्यसकारण, अन्तमा परमेश्वर सबै मानिसहरूको जिम्मेवारी लिनुहुन्छ । परमेश्वरले, कसैले पनि पाप नगर्ने सिद्ध संसार सृष्टि गर्न सक्नुहुन्थ्यो तर उहाँ त्यो कुरा नगर्नलाई चुन्नुभयो । उहाँले थाहा गर्नुभयो कि यसकुराले उहाँलाई यो संसारको पापको दायित्व बहन गर्न लगाउनेछ ।

हामीलाई थाहा छ कि सबैले पाप गरेका छन् र सबै मानिसहरूले अरूको हानी-नोक्सानी गरेका छन् । कसैले अरूको भन्दा धेरै गरेका छन् । मानिसले आफ्नो अख्तियारको दुरुपयोग गरेको छ; र परमेश्वरले निश्चितरुपमा उसको अख्तियार अनुसार उसलाई दायित्व बहन गर्न लगाउनुहुनेछ । तर अन्तमा, परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ । उहाँको नियम (प्रकृति) ले उहाँलाई मानिसले गरेका कार्यको दायित्व बहन गर्ने बनाउँदछ । यसै कारण परमेश्वरले येशूख्रीष्टलाई यस संसारको पापको मूल्य तिर्न पठाउनुभयो । परमेश्वरले आफ्नो सृष्टिको कारण आफूलाई दायित्व पूरा गर्ने जिम्मेबार बनाउनुभयो । दायित्वको व्यवस्था लगायत यो कुरा प्रत्येक व्यवस्थामा भविष्यवाणी गरिएको थियो ।

## मानिसको सीमित अख्तियार

यर्मिया २७:५मा अगाडि नै साभार गरिएको वचनलाई सम्झनुहोस्, परमेश्वरले भन्नुभयो “यो पृथ्वी, यस पृथ्वीमा बस्ने मानिसहरू र पशुहरूलाई मैले नै आफ्नो महाशक्ति र बाहुबलले बनाएको छु...” यसको अर्थ परमेश्वरले सृष्टिको अधिकारद्वारा सबै मानिसको स्वामित्व लिनुहुन्छ ।

मानिसले आफूलाई सृष्टि गरेको होईन, त्यसकारण उसले यसको स्वामित्व लिन सक्दैन । उसको आफूमाथि अधिकार छ तर सार्वभौम अधिकार चाहिँ छैन । मानिसको अख्तियार सीमित छ, यद्दपि उसको गनतव्यसम्म मात्र छ ।

यसले तपाईंलाई समावेश गर्दछ । तपाईंले गरेको कुनै कुराको वाबजूद पनि अन्तमा परमेश्वरले तपाईंको लागि जिम्मेवारी लिनुभएको छ ।

उत्पत्ति २:७ मा हामीलाई थाहा छ, “ परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो” परमेश्वरले सृष्टिको अधिकारद्वारा माटोको स्वामित्व लिनुहुन्छ । यसकारण

लेवी २५:२३ मा भन्नुहुन्छ, *"जमिन चाहिँ मेरो हो"* र *"जमिन सधैंको निम्ति नबेच्नु"*। यो तपाईंको लागि पनि लागू हुन्छ र रियल स्टेटको लागि पनि ।

एउटा मान्छेले आफूलाई असल सोचाइ राख्दैछु भनी स्वतन्त्र इच्छाको प्रयोग गरी शैतानकहाँ बेच्न सक्छ । जे भए पनि अन्तमा उसले आफूलाई स्थायी रुपमा बेच्न सक्दैन किनभने उसलाई त्यो अधिकार दिइएको छैन । परमेश्वरमा उसलाई स्वामित्व गर्ने अधिकार छ । यद्दपि मानिसले चाहे पनि उसले आफूलाई शैतानकहाँ सुम्पे पनि अन्तमा सबै कुरा परमेश्वरमा फिर्ता आउनेछन् । छुटकाराको ५० औ बर्षको उत्सवले यो कुराको माग गर्दछ ।

परमेश्वरको सार्वभौमिकताको कारणले गर्दा मानिसको जमिनमा भएको अधिकारको अन्त हुँदछ । अब छुटकाराको ५० औ बर्षको उत्सव (Law of Jubilee) आउदैछ र परमेश्वरले सृष्टिको अधिकारको पुनः दाबी गर्दै सबै कुरा उहाँको हो भनी भन्नुहुनेछ । हो, परमेश्वरमा यो अभिकार छ ।

**परमेश्वरको राज्य सेवकाइहरू (God's Kingdom Ministries)**
**६२०१ यूनिभर्सिटी एभ. एनई**
**फाइडले, एमएन ५५४३२**
अधिक जानकारीको लागिः http://www.gkmtracts.com/redemption-and-jubilee